साल बसाली आर्थिक ऐन बमोजिम लाग्ने शुल्क, दस्तुर वा करमा लाग्ने जरिवाना तथा ब्याज मिनाहा सम्बन्धी सूचना ।

सूचना प्रकाशित मितिः २०८३/०८/०२

आर्थिक ऐन, २०८३ को दफा ४९ को उपदफा (१) मा भएको व्यवस्था अनुसार साल बसाली आर्थिक ऐन बमोजिम कुनै शुल्क वा दस्तुर वा कर दाखिला गर्नुपर्ने दायित्व भएका व्यक्तिले त्यस्तो शुल्क वा दस्तुर वा कर दाखिला नगरेको वा कम दाखिला गरेको वा ऐन बमोजिम बुझाउनुपर्ने कुनै विवरण नबुझाएको भएमा बुझाउन बाँकी कर वा शुल्क वा दस्तुर रकम, सोको एक प्रतिशतले हुने थप रकम र विवरण संवत् २०८३ मङ्सिर मसान्तभित्र बुझाएमा सो मा लाग्ने जरिवाना, ब्याज तथा शुल्क मिनाहा हुनेछ । साथै, ऐ.ऐ.को उपदफा (२) मा भएको व्यवस्था अनुसार सम्बन्धित कार्यालयबाट त्यस्तो शुल्क, दस्तुर वा कर निर्धारण भई बक्यौता कायम भएको वा अन्य कुनै अदालतमा वा न्यायिक निकायमा मुद्दा दर्ता भई विचाराधीन रहेकोमा सम्बन्धित व्यक्तिले मुद्दा फिर्ता लिई संवत् २०८३ मङ्सिर मसान्तभित्र निर्धारित शुल्क वा दस्तुर वा कर रकम र सोको एक प्रतिशतले हुने थप रकम दाखिला गरेमा सोमा लाग्ने जरिवाना, ब्याज तथा शुल्क मिनाहा हुनेछ, भन्ने व्यवस्था रहेकोले संवत् २०८३ मङ्सिर मसान्तभित्र कुनै शुल्क वा दस्तुर वा कर दाखिला गर्नुपर्ने दायित्व भएका यस प्राधिकरणबाट दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरूले त्यस्तो शुल्क वा दस्तुर वा कर दाखिला गरी/गराई जरिवाना तथा ब्याज मिनाहा सुविधाको उपयोग गर्नुहुन सम्बन्धित सम्पूर्ण दूरसञ्चार सेवा प्रदायकहरूलाई अनुरोध गरिन्छ ।

नेपाल दूरसञ्चार प्राधिकरण
अनुमतिपत्र व्यवस्थापन शाखा
जमल, काठमाडौँ ।
फोन नं. ९७७-०१- ५३५५४७४
Email: ntra@nta.gov.np, URL: www.nta.gov.np